**माननीय सभामुखज्यू,**

**प्रदेशसभाका माननीय सदस्यज्यूहरु,**

१. कोविड-१९ को विश्वव्यापी महामारीको कठिन परिस्थितिमा प्रदेशको वजेट प्रस्तुत गर्नुपर्ने विद्यमान अवस्थामा सर्वप्रथम जनआन्दोलन, सशस्त्र जनयुद्द, मधेश जनविद्रोह र मधेश आन्दोलन लगायत विभिन्न लोकतान्त्रिक आन्दोलनहरुबाट स्थापित नेपालको सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापनामा विशिष्ट योगदान पुऱ्याई जीवन अर्पण गर्नु भएका सम्पूर्ण वीर शहिदहरुप्रति हार्दिक श्रद्दान्जली अर्पण गर्दछु ।

२. प्रदेश सरकारको यो वजेट नेपालको संविधान, नेपाल सरकारको आर्थिक नीति, नेपाल सरकारको आवधिक योजना, दीर्घकालीन क्षेत्रगत नीतिहरु, सहश्राव्दी विकास लक्ष्य, दिगो विकास लक्ष्य लगायत नेपालले अन्तर्राष्ट्रिय क्षेत्रमा गरेका प्रतिवद्धताहरु, कोविड-१९ ले पारेका प्रभाव न्यूनीकरण, प्रदेश सरकारको प्रथम पञ्चवर्षीय योजना, मध्यमकालीन खर्च संरचना, चालु आर्थिक वर्षमा ल्याएको नीति तथा कार्यक्रम र प्रादेशिक योजनाहरु कार्यान्वयनको प्राथमिकता तय गर्दै सो हासिल गर्न अग्रसर रहेको छ । साथै वर्तमान वजेटको केन्द्रविन्दू कोविड-१९ को स्थितिलाई दृष्टिगत गर्दै प्राथमिकताको निर्धारण तथा स्रोतको बांडफांड गरिएको छ ।

३. नागरिकहरुको स्वास्थ्य सुरक्षा र प्रवर्द्धन पहिलो प्राथमिकता भएको वर्तमान अवस्थामा स्वास्थ्य संस्थाहरुको विस्तार र सेवामा गुणस्तरीय सुधार गर्न यस क्षेत्रको पूर्वाधार विकास, पर्याप्त योग्य जनशक्ति, विश्वसनीय यन्त्र उपकरण सहित गुणस्तरीय सेवा प्रवाहको मापदण्ड कार्यान्वयनमा ल्याउनु पर्ने भएको छ । यसका लागि तीनवटै तहका सरकारवीचको श्रोत साधन परिचालनमा पारस्परिक समन्वय गर्न जरुरी देख्दछु ।

४. विश्वव्यापी रुपमा फैलिएको कोविड-१९ को महामारीको कारण विश्वको विभिन्न भागवाट नेपाली नागरिकहरु स्वदेश फर्किने क्रममा रहेका छन् । विभिन्न सीप र क्षमताका यी नागरिकहरुको लागि देशभित्रै रोजगारीको अवसर सिर्जना गर्नुपर्ने भएको छ । श्रमशक्तिको अभावमा आर्थिक गतिविधि हुन नसकेका खासगरी उत्पादनमुलक र सामाजिक पुँजी निर्माण हुने कार्यमा यी श्रमशक्तिको उपयोग हुन सकेमा देशले समृद्धि हासिल गर्न मद्दत पुग्ने व्यहोरा अनुरोध गर्न चाहन्छु ।

५. कोविड-१९ को महामारीको वर्तमान अवस्थामा प्रत्येक स्थानीय तहवाट आफ्नो क्षेत्रभित्रको भूमिहीन वा आफ्नै

जग्गामा खेती गर्दा वर्ष भर खान नपुग्ने, आफ्नै वा परिवारका कुनै सदस्यको पेशा व्यवसाय नभएको वा कुनै सार्वजनिक पदमा नरहेको गरीब, दैनिक ज्यालादारी गर्ने मजदूर वर्गको सूची अध्यावधिक गरी सार्वजनिक गर्न आवश्यक भएको छ । उनीहरुको जीवन निर्वाहको लागि आफ्नै वासस्थान वरपर सार्वजनिक निर्माण विकासको कार्य पहिचान गरी "श्रममा आधारित निर्माण" कार्यान्वयनमा ल्याउँदा त्यस्ता वर्गलाई राहत हुनुको साथै आत्मनिर्भरताको विकास हुने अपेक्षा समेत गरेको छु ।

**माननीय सभामुख महोदय,**

६. नेपालको मध्य-पूर्वी मधेशको सप्तरीदेखि पर्सासम्मका आठवटा जिल्लाको ९ हजार ६ सय ६१ वर्ग किलोमीटर क्षेत्रफलमा फैलिएको समथर भू-भाग नै प्रदेश न. २ हो । देशको कूल भू-भागको ६.६% मात्र जमीन ओगटेको यस प्रदेशमा २०.४% जनताको वसोवास रहेको छ । महानगरपालिका-१, उपमहानगरपालिका-३, नगरपालिका-७३, गाउँपालिका-५९ गरी कूल स्थानीय तह-१३६, वडा-१२७१ रहेको यस प्रदेशमा प्रति वर्ग किलोमीटर जनघनत्व अन्य सबै प्रदेशभन्दा वढी ५५९ रहको छ ।

यसको साथै राष्ट्रिय औषतभन्दा वढी गरीवी, वेरोजगारी, न्यून गुणस्तरको स्वास्थ्य तथा शिक्षाको अवसर र सामाजिक असमानता व्याप्त रहेको व्यहोरा समेत अनुरोध गर्न चाहन्छु ।

**अव म यस प्रदेशको समष्टीगत आर्थिक अवस्थाको बारेमा प्रकाश पार्न अनुमति चाहन्छु ।**

७. हालसम्म प्राप्त तथ्यांक अनुसार देशभर औषत १८.७% निरपेक्ष गरीवी रहेकोमा यस प्रदेशमा १९.८% रहेको देखिन्छ । त्यसैगरी देशभर औषत ११.४% वेरोजगारी रहेकोमा हाम्रो प्रदेशमा वेरोजगारीको संख्या पनि सवैभन्दा उच्च २०.१% रहेको छ । देशभर ९ लाख ८ हजार वेरोजगार रहेकोमा यस प्रदेशमा मात्र एक तिहाईभन्दा वढी ३ लाख १७ हजार रहेको तथ्यांक छ । प्रदेशगत दृष्टिमा यो पहिलो स्थान भएको व्यहोरा पेश गर्न चाहन्छु ।

८. चालु आर्थिक वर्षमा राष्ट्रिय कूल गार्हस्थ उत्पादन (उत्पादकको मूल्य) मा यस प्रदेशको अंश १४% रहेको छ । गत फाल्गुणसम्म आर्थिक गतिविधिमा विस्तार हुँदै गए तापनि विश्वव्यापी महामारीको रुपमा फैलिईरहेको

कोविड-१९ को नियन्त्रण र रोकथामका लागि अवलम्वन गरिएका भौतिक दूरी एवं बन्दाबन्दी जस्ता कारणवाट यस प्रदेशको अर्थतन्त्रमा शिथिलता आएको व्यहोरा अवगत गराउन चाहन्छु ।

९. गत वर्ष यस प्रदेशको कूल गार्हस्थ उत्पादनको वृद्धि दर ८.१% रहेकोमा चालु वर्ष २.३% मात्र रहने अनुमान गरिएको छ । यसमा कृषि क्षेत्रको योगदान सवैभन्दा वढी रहेको जानाकारी गराउन चाहन्छु ।

१०. यस प्रदेशको कूल भूमीको ६१% भू-भागमा कृषि कार्य हुने गरेको छ । प्रदेशको कूल गार्हस्थ उत्पादनमा करीव ४०% कृषि क्षेत्रको योगदान हुने गरेको छ । यस प्रदेशमा देशको कूल गहुँ उत्पादनको एक तिहाई, कूल उखु उत्पादनको दुई तिहाई, कूल मौसमी तरकारी उत्पादनको एक तिहाई, कूल आँप उत्पादनको ७०% र कूल माछा उत्पादनको ५७% उत्पादन हुने व्यहोरा समेत प्रस्तुत गर्न चाहन्छु ।

११. नेपालको कूल गार्हस्थ उत्पादनमा करीव २५% योगदान रहेको विप्रेषण आप्रवाहमा यस प्रदेशको भूमिका महत्वपूर्ण रहेको छ । प्रदेशगत रुपमा प्रदेश न. २ र जिल्लागत

रुपमा धनुषावाट धेरै संख्यामा कामदारहरु वैदेशिक रोजगारीमा गएको भएता पनि कामदारहरु प्राय अदक्ष एबम् अर्धदक्ष भएको, प्राप्त आयको ठुलो अंश उपभोगमा खर्च हुने गरेकोमा हालको कोविड-१९ महामारीको कारण विप्रेषणमा ठुलो गिरावट आउने, प्रदेशभित्र अझै वेरोजगारी र गरीवी वढ्न सक्ने अवस्था सिर्जना भएको तितो यथार्थ समेत यहाँ प्रस्तुत गर्न चाहन्छु ।

१२. गत आर्थिक वर्षको अन्त्यसम्म नेपालको प्रति व्यक्ति आय अमेरिकी डलर १ हजार ९७ रहेकोमा यस प्रदेशको ६ सय ४५ मात्र रहेको देखिन्छ ।

१३. देशभर बैंक तथा वित्तीय संस्थाहरुको शाखा संख्या ९ हजार ६ सय ४० रहेकोमा हालसम्म यस प्रदेशमा १ हजार ३ सय ५८ रहेको छ । त्यस मध्ये ४ सय ८७ वाणिज्य बैंक र अन्य ८ सय ७१ वटा वित्तीय संस्थाका शाखाहरुले सेवा पुर्याउँदै आएका छन् । प्रति बैंक तथा वित्तीय संस्थाहरुको शाखाले सेवा पुर्याएको जनसंख्याको अनुपात यस प्रदेशमा सवैभन्दा वढी ९ हजार ९ सय ९९ रहेको छ भने देशभरको औषत ३ हजार ७२ मात्र रहेको छ ।

१४. बैंक तथा वित्तीय संस्थाहरुमा रहेको कूल निक्षेपमा यस प्रदेशको अंश ४.५२% रहेको छ भने कर्जा लगानीको अंश ८.९१% रहेको छ । यस तथ्यवाट प्रदेशमा वचत गर्ने भन्दा ऋण लिन चाहनेको अनुपात वढी रहेको स्पष्ट हुन्छ भन्ने जानाकारी समेत गराउन चाहन्छु ।

१५. देशभर हालसम्म ८ हजार २ सय १२ वटा उद्योग दर्ता रहेकोमा यस प्रदेशमा ५ सय ५३ उद्योग मात्र दर्ता भएका छन् । प्रदेशगत दृष्टिले यो पांचौं स्थान हो । कूल गार्हस्थ उत्पादनमा उद्योग क्षेत्रको योगदान १४.६१% हुने अनुमान छ ।

**माननीय सभामुख महोदय,**

**अव म यस प्रदेशको केही सामाजिक र भौतिक पूर्वाधारको वर्तमान स्थितिको वारेमा संक्षिप्त प्रकाश पार्न चाहन्छु,**

१६. देशभरका जनताको औषत उमेर करीव ७० वर्ष पुगेकोमा यस प्रदेशका जनताको औषत उमेर ६७.८ वर्ष मात्र रहेको छ । नवजात शिशु मृत्यु दर, शिशु मृत्यु दर र प्रजनन् दर अन्य प्रदेशको भन्दा उच्च छ । सवैभन्दा वढी जनघनत्व भएको यस प्रदेशमा अस्पतालको संख्या, शैया

संख्या अन्य प्रदेशको तुलनामा न्यून छ । भएका अस्पतालहरुको सेवा समेत गुणस्तरीय नभएकोले मानिसहरु काठमाडौं वा भारत तर्फ धाउनु पर्ने अवस्था छ । प्रदेशमा संचालित २ वटा शिक्षण अस्पतालहरु समेत आन्तरिक व्यवस्थापनको समस्याले ग्रस्त छन् ।

१७. हाम्रो देशभरका ५ वर्ष माथिका जनताको साक्षरता दर ६६% रहेकोमा यस प्रदेशको साक्षरता दर ५०% मात्र रहेको छ । त्यसैगरी देशभर विद्यालयहरुको संख्या ३५ हजार ५ सय २० पुग्दा प्रदेश न. २ भित्र विद्यालयहरुको संख्या ४ हजार १ सय ३७ मात्र रहेको छ । प्रदेशगत तुलनामा यो संख्या दोश्रो अन्तिम भएको व्यहोरा यस सम्मानित सभामा जानकारी गराउन चाहन्छु ।

१८. यस प्रदेशमा विभिन्न राष्ट्रीय गौरबका आयोजना संचालनमा रहेपनि कार्य प्रगति सन्तोषजनक छैन । जनकपुर-जलेश्वर सडकको निर्माण कार्य निकै सुस्त गतिमा भएकोले भारतसंगको आयात निर्यात र आवागमनमा निकै समस्या भईरहेको छ । देशभर स्थानीय सडक सन्जाल ६१ हजार ३ सय ९५ कि.मी. पुगेकोमा हाम्रो प्रदेशभित्र ५ हजार ८ सय ७१ कि.मी. रहेको छ ।

१९. हालसम्म देशमा १ हजार २ सय ३३ मेगावाट जलविद्युत उत्पादन भएकोमा यस प्रदेशवाट जलविद्युत उत्पादन सम्भव नभएको तर सौर्य उर्जा उत्पादनको प्रचुर सम्भावना भएको व्यहोरा प्रष्ट पर्न चाहन्छु ।

२०. यस प्रदेशको कुल गार्हस्थ उत्पादनमा होटेल, पर्यटन तथा अन्य सेवा व्यवसायले ४७% योगदान पुऱ्याएको छ । यस प्रदेशको धार्मिक तीर्थस्थलहरुमा वार्षिक करीव ४ लाखको संख्यामा आउने विशेष गरी भारतीय पर्यटकहरु हुन्छन् । प्रदेशको ३ सय ५० पर्यटकस्तरीय होटेलहरुमा ७ हजार १ सय  शैया उपलव्ध भएकोमा कोविड-१९ महामारीको कारण सवैभन्दा धेरै यही क्षेत्र प्रभावित हुन पुगेको व्यहोरा जानाकारी गराउन चाहन्छु ।

**माननीय सभामुखज्यू,**

२१. आर्थिक वर्ष २०७७/७८ को बजेटका उद्देश्य प्रस्तुत गर्ने अनुमति चाहन्छु । यी उद्देश्यहरु कोविड-१९ लाई दृष्टिगत गरी प्रक्षेपण गरिएको समेत अनुरोध गर्न चाहन्छु:-

(क) गुणस्तरीय स्वास्थ्य सेवाको प्रत्याभूति गराउँदै आम नागरिकको जीवनस्तर अभिवृद्धि गर्ने,

(ख) लगानीमैत्री वातावरण मार्फत उत्पादनमूलक क्षेत्रहरुमा रोजगारीका अवसरहरुको सिर्जना गरी गरीबी न्यूनीकरण गर्ने,

(ग) गरीब तथा जोखिममा परेका नवजात शिशु समेतलाई सुरक्षित, पोषणयुक्त र पर्याप्त खाद्यान्नको सुनिश्चितता गर्दै भोकमरीको अन्त्य गर्ने,

(घ) समावेशी र समतामूलक गुणस्तरीय शिक्षाको सुनिश्चितता गर्दै सबैका लागि जीवन पर्यन्त शिक्षाका अवसरहरु उपलब्ध गराउने,

(ङ) महिला र बालिकाहरु माथि हुने सबै प्रकारको हिंसा, शोषण र विभेदको अन्त्य गरी राजनैतिक, आर्थिक र सामाजिक क्षेत्रका हरेक निर्णयहरुमा महिलाहरुको सक्रिय सहभागिता र अवसरको सुनिश्चितता गर्ने तथा लैङ्गिक समानता कायम गर्ने,

(च) स्वच्छ खानेपानी, सरसफाई, पर्याप्त आधुनिक उर्जा सहितको सुरक्षित मानव बसोबास तथा व्यवस्थित सहरीकरणमा जोड दिने,

**(छ)** उत्पति, धर्म, वर्ण, जात, जाति, लिङ्ग, शारीरिक अवस्था, फरक क्षमता भएका व्यक्ति, स्वास्थ्य स्थिति, वैवाहिक स्थिति, गर्भावस्था, आर्थिक अवस्था, भाषा वा क्षेत्र, वैचारिक अवस्थाको आधारमा हुने विभेद र असमानताको अन्त्य गर्ने,

**(ज)** जलवायु परिवर्तनका असरहरुलाई न्यूनीकरण गर्न प्रादेशिक नीति, रणनीति र योजना तर्जुमा मार्फत प्राकृतिक स्रोतहरुको दिगो र प्रभावकारी उपयोग गर्ने,

**(झ)** जैविक विविधताको ह्रास, जमीनको उर्वराशक्तिको ह्रास हुन नदिन र मरुभुमीकरणबाट जोगिनका लागि पारिस्थितिक प्रणालीको संरक्षण र सम्वर्द्धन गर्ने।

**माननीय सभामुख ज्यू,**

**प्रदेश सरकारका चुनौति र वजेटले अवलम्वन गरेका नीतिहरु प्रस्तुत गर्न चाहन्छु ।**

**२२.** हाल विश्वव्यापी महामारीको रुपमा फैलिएको कोविड-१९ रोग सर्वप्रथम चीनको उहानमा २०७६ पौष १५ तदनुसार डिसेम्वर ३१, २०१९ मा देखापरेको थियो भने

नेपालमा गत चैत्र महिनाको शुरुदेखिनै जोखिम वढ्न गई नेपाल सरकारले २०७६ चैत्र ११ देखि देशभर वन्दावंदी (**Lockdown**) गरेको थियो । यस रोगको रोकथाम र नियन्त्रणका लागि चालिएका कदमवाट विश्वभर, देशभर र यस प्रदेशको समेत रोजगारी, उत्पादन र आपूर्तिदेखि उपभोगसम्मको शृंखला खल्वलिन गई आर्थिक क्रियाकलापमा सुस्तता आएको छ । त्यस्तै सार्वजनिक र निजी क्षेत्रको खर्चमा सङ्कुचन आएको, वैदेशिक रोजगारीको अवसरमा कमी आई विप्रेषण घटेको र देशभित्रका सवै आर्थिक गतिविधिहरु शिथिल हुन गई आर्थिक विकास र स्थायित्वका परिसूचकहरुमा चाप पर्दै गएको अवस्था छ ।

२३. विश्वव्यापी रुपमा देखिएको कोविड-१९ को प्रभाव तथा भविष्यमा देखिन सक्ने महामारीको रोकथाम नियन्त्रण तथा न्यूनीकरणका लागि स्वास्थ्य सेवालाई सर्वसुलभ र गुणस्तरीय बनाउन स्वास्थ्य अनुसन्धानमा जोड दिदै स्वास्थ्य संस्थाको भौतिक संरचना निर्माण, जनशक्ति तथा क्षमता अभिवृद्धिका साथै स्वास्थ्यमा निजी क्षेत्रको लगानीलाई प्रोत्साहन गरी संविधानको मर्म र भावना अनुरुप स्वास्थ्य सम्बन्धी मौलिक हकको सुनिश्चितता

गरिनेछ । गतवर्ष चालु आर्थिक वर्ष २०७६/७७ को वजेट कार्यक्रम तर्जुमा गर्दा कार्यक्रमको स्थान र चौमासिक विभाजन समेत तोकिएको क्रियाकलापगत वजेट विनियोजन नगरी विकास कार्यक्रमहरुको विषयगत र क्षेत्रगत रुपमा एकमुष्ट वजेट राखिएको तथा त्यस्तो वजेट र कार्यक्रमलाई दोश्रो चौमासिकको अवधि समाप्त हुँदासम्म पनि सम्वन्धित मन्त्रालयहरुवाट वजेट बांडफांड हुन सकेन । तेश्रो चौमासिकमा वजेट बाँडफाँड गरी सम्वन्धित डिभिजन र कार्यालयहरुमा कार्यक्रम स्वीकृत गरी पठाईएको तर विश्वव्यापी महामारी रोग कोभिड-१९ को प्रकोपको कारणवाट देशभर नै बन्दाबंदी (**Lockdown**) शुरु हुन गई प्रदेशको पुँजीगत खर्च ज्यादै न्यून हुन पुगेको छ ।

२४. हाल संचालनमा रहेका, निर्माणाधीन र नयाँ निर्माण गर्नुपर्ने धर्मशाला, अतिथिगृह र सार्वजनिक भवनहरुको निर्माण तथा सुधार गर्न तत्काल कोविड-१९ का सम्भावित व्यक्ति तथा संक्रमित विरामीहरुका लागि क्वारेन्टाइन वा आइसोलेसनमा उपयोग गर्ने शर्तमा मात्र प्रदेश सरकारले लगानी गर्नेछ ।

२५. कोविड-१९ को महामारीको प्रकोपको कारण आ.व २०७७/७८ को बजेट प्रदेशको स्वास्थ्य क्षेत्रको रुपान्तरणमा केन्द्रित रहनेछ । प्रदेशका अस्पतालहरुको स्तरोन्नति र आधुनिकीकरण गरिनेछ । चिकित्साशास्त्रको शिक्षण संस्था र जिल्ला अस्पतालहरुलाई कम्तिमा पनि दुईसय शैय्याको आधुनिक अस्पतालको रुपमा विस्तार गरिनेछ । साथै, सम्भाव्य जडिबुटीको अनुसन्धान गर्ने कार्यलाई प्राथमिकता दिदिनेछ ।

२६. आगामी दिनमा कृषि उत्पादकत्व तथा उत्पादन वृद्धि गर्न कृषिको आधुनिकीकरण, व्यवसायीकरण, विविधिकरण र बजारीकरणमा जोड दिइनेछ । साथै कृषि उत्पादनको सुरक्षित भण्डारणको माध्यमबाट खाद्य सुरक्षाको प्रत्याभूति गराइनेछ ।

२७. समग्र प्रदेशलाई शिक्षित प्रदेशको रुपमा विकास गरिनेछ। यसका लागि प्रदेशका विद्यालयहरुको भौतिक पूर्वाधार निर्माण र जनशक्तिको क्षमता अभिवृद्धि गरी गुणस्तरीय शिक्षामा जोड दिइनेछ । विद्यालयहरुमा विद्यार्थीको भर्नादर तथा टिकाउ दर प्रवार्द्धनात्मक कार्यक्रम संचालन

गर्न आगामी आर्थिक वर्षको बजेटमा रु. २ करोड वजेट विनियोजन गरेको छु ।

२८. प्रदेशका ऐतिहासिक, सांस्कृतिक, धार्मिक, पुरातात्विक र प्राकृतिक सम्पदाहरुको पहिचान, संरक्षण, प्रवर्द्धन एवं प्रचार प्रसार मार्फत प्रदेश अर्थतन्त्रको महत्वपूर्ण आधारको रुपमा पर्यावरणमैत्री पर्यटन उद्योगको विकास गर्ने, सांस्कृतिक पर्यटनको विकास गर्न आवश्यक नीति निर्माण गरिनेछ ।

२९. प्रदेशको सामाजिक-सांस्कृतिक विविधतालाई सम्पदाको रुपमा आत्मसात गर्दै यी विविधताहरुको पहिचान, संरक्षण र उत्थान मार्फत बहुजाती, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक सामाजको निर्माण गरी सामाजिक तथा राष्ट्रिय एकतालाई मजबुत पारिनेछ ।

३०. गरीवी सर्वेक्षण र नक्सांकन मार्फत प्रदेशका गरीब परिवारहरुको पहिचान, वर्गीकरण तथा विश्लेषण गरी आधारभुत आवश्यकताहरुको सुनिश्चितता गर्नका लागि विशेष कार्यक्रम संचालन गरिनेछ ।

३१. सूचना तथा प्रविधिको क्षेत्रमा देखा परेका नविनतम् प्रविधिहरुको उच्चतम प्रयोग गर्दै आम नागरिकहरुको

सूचनाको हकको प्रत्याभूति गरिनेछ। प्रेस स्वतन्त्रताका सर्वमान्य सिद्धान्त अनुरुप आमसञ्चारलाई स्वतन्त्र, निष्पक्ष, मर्यादित, जिम्मेवार, अनुशासित बनाउन आवश्यक नीतिगत व्यवस्था गरिनेछ ।

३२. खेलकुदमैत्री पूर्वाधारहरुको विकास गर्दै राष्ट्रिय तथा अन्तराष्ट्रिय खेलकुद प्रतियोगिता सञ्चालन गरी समग्र खेलकुद क्षेत्रको विकास गरिनेछ ।

३३. मधेश आन्दोलनमा घाइते एवं अङ्गभङ्ग भएका तथा शहिदहरुको उच्च सम्मान गर्दै उहाँहरुको परिवारका सदस्यहरुको जीनवस्तर उकास्नका लागि विशेष कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

३४. स्वास्थ्य, शिक्षा, कृषि, सूचना र प्रविधि लगायतका आर्थिक सामाजिक क्षेत्रहरुको खोज, अनुसन्धान तथा विकासमा विशेष जोड दिइनेछ ।

३५. प्राकृतिक तथा मानवीय कारणले सिर्जना हुन सक्ने विपद् तथा संकट व्यवस्थापनका निम्ति पूर्व तयारी, उद्दार तथा पुर्नस्थापनाका तीनवटै चरणमा मानवीय तथा संस्थागत क्षमताको अभिवृद्धि एवं स्थानीय तहहरुसँग समन्वय तथा सहकार्य गरिनेछ ।

३६. लगानी मैत्री वातावरणको सिर्जना गर्न आवश्यक नीति तथा कानून तर्जुमा गरी स्वदेशी तथा विदेशी लगानीकर्ता आकर्षण मार्फत प्रदेशको आर्थिक विकासमा जोड दिइनेछ ।

३७. सार्वजनिक सेवा प्रवाहलाई जनमुखी, नतिजामुखी, जवाफदेही र पारदर्शी बनाई सुशासनको प्रत्याभूति गराइनेछ । यसका लागि सार्वजनिक प्रशासनलाई संस्थागत तथा संरचनात्मक सुधार, जनशक्ति व्यवस्थापन र पूर्वाधार विकासमा जोड दिइनेछ ।

३८. संघीयताको सफल कार्यान्वयनको लागि प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम मार्फत प्रदेश र स्थानीय तहका जनप्रतिनिधि एवं कर्मचारीको कार्यदक्षता अभिवृद्धि गरिनेछ ।

३९. कोविड-१९ को प्रकोपले समग्र प्रदेशको रोजगारी, बजार, लगानी तथा खर्चमा गम्भीर प्रभाव पारेको वर्तमान अवस्थामा सार्वजनिक खर्चलाई मितव्ययी, प्रभावकारी, नतिजामुखी बनाउने उद्देश्यको साथ चालु खर्चको न्यूनीकरण तथा उत्पादनशील पूँजीगत खर्चलाई प्रोत्साहित गरिनेछ ।

४०. प्रदेशको भौगोलिक अवस्था, उपलब्ध स्रोत साधनको प्राचुर्यता तथा जानसांख्यिक लाभांसको समुचित प्रयोग गर्दै समग्र प्रदेशलाई सुदृढ, सबल तथा आत्मनिर्भर प्रदेश निर्माण गर्न सरकारी, निजी साझेदारी मार्फत औद्योगीकरणलाई प्रवर्द्धन गरिनेछ ।

४१. लघु उद्यम, साना तथा मझौला उद्योगहरुलाई प्रदेश सरकारको तर्फबाट विशेष संरक्षण प्रदान गर्दै उद्यमशीलताको प्रवर्द्धन मार्फत लघु उद्यमीका उत्पादनहरुको बजारीकरणमा जोड दिइनेछ ।

४२. वैदेशिक रोजगारमा गएका यस प्रदेशका युवाहरु कोभिड-१९ को महामारी पश्चात् स्वदेश फर्केर आउने लगभग दुईलाखदेखि पाँचलाख युवालाई मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तर्गत कृषि र उद्योग क्षेत्रमा रोजगारी श्रृजना गरिनेछ । एक निर्वाचन क्षेत्र एक उद्योगको स्थापना गर्न प्रोत्साहित गरिनेछ ।

४३. कोविड-१९ महामारीका कारण आउने आर्थिक मन्दिलाई सामना गर्न कृषिको आधुनीकीकरणको योजनालाई बजेटको मुल प्राथमिकताको रुपमा अगाडि बढाइने छ ।

४४. प्रदेश लोकसेवा गठन भैइसकेको र प्रदेश निजामती सेवा ऐन यस सम्मानित सदनको समितिमा तयारी अवस्थामा रहेकोले आ.व २०७७/७८ को बजेटको महत्त्वपूर्ण काम मध्ये प्रदेश निजामतीको गठन र प्रदेशको आफ्नै चुस्त दुरुस्त प्रशासनको गठन रहनेछ । साथै संघीय सदनले प्रहरी समायोजन र प्रदेश प्रहरीसँग समन्वयको कानून पास गरी कार्यवन्यनमा समेत लगिसकेको अवस्थामा बजेटको प्राथमिकता प्रदेश प्रहरीको गठन तथा प्रदेश प्रहरी मातहतका भौतिक पूर्वाधार निर्माणमा केन्द्रित हुनेछ ।

४५. प्रदेश दलित सशक्तीकरण ऐनको कार्यवन्यनमा जोड दिइनेछ । यसका लागि दलित विकास समिति र जातीय भेदभाव तथा छुवाछुत नियन्त्रण उच्चस्तरीय अनुगमन समिति समेत गठन गरिनेछ। समितिको तर्फवाट कार्यक्रम संचालन गर्न रु. ५० लाख वजेट विनियोजन गरेको छु । साथै दलित छात्रवृत्ति र दलित रासनकार्ड वितरण कार्यक्रमहरुको कार्यविधि तर्जुमा गरिनेछ ।

४६. प्रदेशका सबै नागरिकको न्युनतम स्वास्थ्य बीमा गर्ने बजेटको प्राथमिकता रहनेछ । यसका लागि सम्मानित

सदनमा प्रदेश स्वास्थ्य बीमा विधेयक आगामी आर्थिक वर्षको प्रथम चौमासिकमा पेस गरिनेछ ।

**माननीय सभामुख महोदय,**

**अव म प्रदेश सरकारका आगामी आर्थिक वर्षको कार्यक्रम तथा वजेट विनियोजन व्यवस्था वारेमा प्रस्तुत गर्न चाहन्छु ।**

**जनताको स्वास्थ्य सुरक्षा, प्रवर्द्धन र उपचार व्यवस्था**

४७. कोविड-१९ महामारीको रोकथाम, नियन्त्रण र उपचार व्यवस्थाका लागि चालु आर्थिक वर्षका स्वीकृत कार्यक्रमहरुमा खर्च नभई बाँकी रहेको वजेट रकमवाट करीव २ अर्व रुपैयाँ कोविड-१९ रोगको रोकथाम, नियन्त्रण र उपचारको व्यवस्था गरिएको मध्ये अति विपन्न, गरीव मजदूरहरुको राहतको लागि प्रदेश मन्त्रालय र स्थानीय तह मार्फत दुई पटकमा ३३ करोडभन्दा वढी रकम निकासा गरिएको व्यहोरा अवगत गराउन चाहन्छु । प्रदेश सरकारवाट रु. २५ करोड सहित स्थापित कोरोना संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोषमा विभिन्न, बैंक, संस्था तथा दाताहरुवाट रु. १ करोड ६५ लाख ६८ हजार थप रकम जम्मा भएको छ भने यस कोषवाट

हालसम्म १३ करोड ३९ लाख ४६ हजार निकासा भएको छ ।

४८. आगामी आर्थिक वर्षका लागि कोविड-१९ महामारीको पहिचान, रोकथाम, नियन्त्रण तथा उपचारको लागि आवश्यक स्वास्थ्य सामाग्री खरीद तथा आपूर्ति, स्वास्थ्यकर्मीको आवश्यक व्यक्तिगत सुरक्षाका उपकरण र प्रदेश जनस्वास्थ्य प्रयोगशालाको सुदृढीकरण समेतका लागि रु. ७० करोड २७ लाख वजेट विनियोजन गरेको छु ।

४९. प्रादेशिक क्यान्सर अस्पताल निर्माणको लागि २ करोड, ट्रमा सेन्टरको लागि रु. २ करोड र सरुवा रोग तथा महामारी रोग नियन्त्रणका लागि रु. १ करोड वजेट व्यवस्था गरेको छु ।

५०. प्रदेशमा पारिवारिक विवरण राख्ने कार्य (फ्यामिली फोल्डर) निर्माणको लागि रु. १ करोड २० लाख वजेट विनियोजन गरेको छु ।

५१. कोविड-१९ को महामारीको प्रकोपको कारण आ.व २०७७/७८ को बजेट प्रदेशको स्वास्थ्य क्षेत्रको रुपान्तरणमा केन्द्रित रहनेछ । जनकपुर प्रादेशिक

अस्पताललाई स्वास्थ्य विज्ञान प्रतिष्ठानको रुपमा अगाडि बढाउन रु. ४५ करोड ५३ लाख वजेट व्यवस्था गरेको छु ।

५२. सप्तरीको भारदह अस्पताललाई स्तरोन्नति गरी सुविधा सम्पन्न अस्पतालको रुपमा विकास गर्न रु.६ करोड ७९ लाख र पर्साको पोखरिया अस्पताललाई रु.४ करोड ४ लाख वजेट विनियोजन गरेको छु ।

५३. सागरनाथ वन क्षेत्रमा प्रदेश आयुर्वेद अनुसन्धान केन्द्र स्थापना गरी सम्भाव्य जडिवुटीको उत्पादन र प्रवर्द्धन गरिनेछ ।

५४. प्रत्येक अस्पतालमा कूल शैया संख्याको पन्ध्र प्रतिशत शैया सघन स्वास्थ्योपचारको लागि व्यवस्था गर्न उत्प्रेरित गरिनेछ र यसको लागि आवश्यक पर्ने यन्त्र उपकरण व्यवस्था गर्न वजेटको अभाव हुन दिइने छैन ।

५५. प्रदेशमा स्थानीय निकायको सहकार्यमा सर्पदंश उपचारका लागि एन्टी भेनम उत्पादन गर्न अध्ययन अनुसन्धान केन्द्रको स्थापना र सञ्चालन गर्न रु ५ करोड ५४ लाख वजेट विनियोजन गरेको छु ।

५६. प्रदेशका नागरिकको रोग प्रतिरोधात्मक क्षमता अभिवृद्धिका लागि सम्पूर्ण खोपयुक्त प्रदेश अभियान सञ्चालन गर्नुका साथै अर्ग्यानिक उत्पादन, सन्तुलित भोजन र नियमित व्यायामको महत्वको व्यापक प्रचार प्रसार गर्न विद्यालय शिक्षा शिक्षण र संचारका विभिन्न माध्यम उपयोग गरिनेछ ।

५७. आगामी आर्थिक वर्षको वजेट तर्जुमा गर्दा क्रियाकलापमा आधारित वजेट तोकी रकम विनियोजन गरिएको छ । आगामी आर्थिक वर्षहरुमा समेत वजेट र कार्यक्रम तर्जुमा कार्यलाई वढी वस्तुनिष्ट र पारदर्शी वनाउन प्रोत्साहित गरिनेछ । कुनै मन्त्रालय वा निकायवाट क्रियाकलाप र स्पष्ट वजेट नतोकिएको एकमुष्ट वजेट कार्यक्रम पेश भएमा त्यस्तो वजेट कार्यक्रमलाई तत्काल विविध शीर्षक अन्तर्गत राखी प्रदेश सरकार (मन्त्रीपरिषद) को निर्णयवाट मात्र बाँडफाँट गरिने व्यहोरा प्रस्ताव गर्न चाहन्छु ।

५८. स्वीकृत वजेट, कार्यक्रम र अख्तियारी भएर पनि आर्थिक वर्षको अन्त्यमा आएको भीषण वर्षा, वाढी र डुवानका कारण गत आर्थिक वर्ष २०७५/०७६ मा प्रदेश नं. २ सरकार अन्तर्गत सञ्चालित केही विकास कार्यक्रमहरुको

सोही आर्थिक वर्षमा कार्य सम्पन्न भए बमोजिमको रकम सोही आर्थिक वर्षभित्र भुक्तानी हुन नसकेको सम्बन्धमा प्रदेशसभाका मा. सभामुखको अध्यक्षतामा गठित उच्चस्तरीय संसदीय विशेष छानविन समितिवाट छानविन गरी पेश गरेको प्रतिवेदन प्रदेशसभाको पूर्ण सभावाट समेत अनुमोदन भई भुक्तानी दिन प्रदेश सरकारलाई निर्देशनात्मक आदेश प्राप्त भएको थियो ।

५९. उक्त प्रतिवेदनमा उल्लिखित निर्देशनात्मक आदेशलाई प्रदेश सरकार मन्त्रिपरिषदवाट समेत कार्यान्वयन गर्न निर्णय भई सवै मन्त्रालय र निकायहरुलाई उक्त प्रतिवेदन सहित निर्देशन पठाइसकेको र प्रदेश सरकारको आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रममा समेत उक्त बाँकी वक्यौता रकम आर्थिक वर्ष २०७७/७८ को वजेटमा समावेश गरी सम्वन्धित पक्षलाई भुक्तानी दिइने व्यहोरा उल्लेख भएको छ । उल्लेखित पृष्ठभूमिमा प्रदेश सरकारका मन्त्रालय र मातहतका निकायहरुबाट कार्यादेश, सम्झौता भई कार्य सम्पन्न भएका विकास कार्यक्रमहरुको कार्य सम्पन्नताको आधारमा अख्तियारी

प्राप्त अधिकारीहरुवाट भुक्तानीको प्रक्रिया अघि वढाउन नीतिगत आधार तयार भएको छ ।

६०. भविष्यमा यस्तो प्रकृतिको भुक्तानीका लागि नजीर नवस्ने गरी उक्त बाँकी रकम सम्वन्धित मन्त्रालय, डिभिजन र कार्यालयहरुको मागको आधारमा प्रचलित कानून अनुसार भुक्तानी गर्नका लागि विभिन्न विषयगत मन्त्रालयहरुको आगामी आर्थिक वर्षको वार्षिक कार्यक्रममा रु. ८६ करोड ५० लाख वजेट विनियोजन गरेको छु ।

६१. आर्थिक वर्ष २०७७/७८ मा संचालन हुने कार्यक्रम / आयोजनाको मन्त्रालयगत वजेट विवरण पुस्तिका यसैसाथ प्रस्तुत गरेको छु ।

## राहत, सहुलियत र पुनरुत्थानका कार्यक्रम

६२. कोविड-१९ को महामारीको कारणवाट दैनिक ज्याला मजदूरी गर्न नपाएका विपन्न एवं गरीव मजदूर तथा बाढी, हावाहुरी, आगलागी जस्ता विभिन्न प्राकृतिक र मानवीय प्रकोपवाट प्रभावित जनताको लागि राहत स्वरूप नगद, खाद्यान्न, लत्ताकपडा, भाँडाकुडा लगायत अन्य दैनिक गुजाराको सामग्रीको व्यवस्था गर्न भौतिक तथा सामाजिक

पूर्वाधारको निर्माण, कृषि सडक, नदी नियन्त्रणका लागि तटवन्ध निर्माण, जस्ता काममा आधारित राहत कार्यक्रम सञ्चालन गरिनेछ । साथै उद्दार र पुनरुत्थान कार्यका लागि प्रत्येक जिल्लाको विपद् व्यवस्थापन समिति मार्फत कार्यान्वयन हुने गरी रु. ५ करोड ८० लाख विनियोजन गरेको छु ।

६३. प्रदेश अन्तर्गत सामाजिक र आर्थिक दृष्टिकोणले दयनीय अवस्थामा रहेका अत्यन्त विपन्न डोम, हल्खोर, मेस्तर तथा मुसहर जातिको पारिवारिक लगत तयार गरी प्रत्येक परिवारलाई उपलव्ध गराउन सकिने अनुदान रकमको अनुमान गरिनेछ । यस सम्वन्धी कार्यविधि तयार गरी कार्यान्वयनका लागि स्थानीय तह तथा बैंकसंग सहकार्य गरिनेछ ।

६४. आगामी आर्थिक वर्षमा कृषकहरुलाई कृषि ऋणको व्याजमा सहुलियत उपलव्ध गराउन रु.२ करोड वजेट व्यवस्था गरेको छु ।

## श्रम, रोजगारी तथा सामाजिक सुरक्षा

६५. अति विपन्न गरीव र दलित वेरोजगार युवाहरुको लागि रोजगारीका अवसर सिर्जना गर्न प्रदेश प्रमुख रोजगार कार्यक्रम अन्तर्गत विभिन्न व्यवसायिक सीपयुक्त तालिम संचालन गर्न रु ८ करोड वजेट व्यवस्था गरेको छु ।

६६. नवप्रवर्तन कृषि रोजगार तथा व्यवसाय प्रवर्द्धन सम्वन्धी कार्यक्रम संचालन रु १२ करोड वजेट विनियोजन गरेको छु । यस सम्वन्धी कार्यविधि तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।

६७. आगामी आर्थिक वर्षमा राहतका लागि छुट्टयाईएको रकमलाई श्रम र रोजगारसंग आवद्ध गरिनेछ । राहतको वजेट आ-आफ्नै घर, गाउँ र समाजको सुरक्षा र हितका कार्यहरु सम्पादन गरेको आधारमा वितरण गरिनेछ । प्रदेश सरकार र पालिकाहरुवाट संचालन गरिने विकास निर्माणका कार्यहरुमा यन्त्र उपकरणको प्रयोगलाई निरुत्साहित गरी प्रदेशमा श्रममूलक रोजगारी सिर्जना गरिनेछ ।

६८. वैदेशिक रोजगारी गुमाएर प्रदेशमा फर्किएका युवाहरुको रोजगारीको लागि मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तर्गत स्थानीय स्तरमा हुने विकास निर्माणका कार्यहरु, बाढी

रोकथाम तथा नदी नियन्त्रणका कार्यहरु, घरेलु र साना उद्योग व्यवसाय तथा आधुनिक कृषि कार्यमा अवसरहरु सिर्जना गरिनेछ । स्वरोजगारको लागि हाल प्रदेशमा कार्यरत अन्तर्राष्ट्रीय गैरसरकारी संस्थाहरुलाई समेत समन्वय गरी सुपथ व्याज दरमा ऋण उपलव्ध गराइनेछ ।

६९. सङ्घीय सरकारवाट प्रदेशका अति गरीव र विपन्न परिवारका लागि संचालित जनता आवास कार्यक्रमलाई प्रदेश सरकारले उल्लेख्य लगानीको व्यवस्था सहित निरन्तरता दिई रु. ८० करोड ७४ लाख वजेट विनियोजन गरेको छु ।

## कृषि, सिंचाई, नदी नियन्त्रण र भुमी व्यवस्था

७०. प्रदेश सरकारको अनुदानमा शीत भण्डारण निर्माणका लागि रु.२० करोड, कृषि उपज ढुवानीका लागि वाहन खरीद अनुदानका लागि रु. २ करोड २५ लाख, डिप वोरिंग जडान तथा डिप ट्युवेल सहयोग कार्यक्रमका लागि रु.३ करोड २० लाख, निजी सार्वजनिक दुग्ध सहकारीको साझेदारीमा दुध संकलन तथा चिस्यान केन्द्र स्थापनाको लागि रु. १ करोड, हुलाकी मार्ग लक्षित दुग्ध

मिशन कार्यक्रमको लागि रु. ५ करोड र जनकपुर दुग्ध वितरण आयोजनाको सहकार्यमा दुग्ध संकलन, प्रशोधन, विविधीकरण, स्तरोन्नति कार्यका लागि रु. १ करोड विनियोजन गरेको छु ।

७१. किसान आन्दोलन (तमसुक फाडा) को उद्गमस्थल, माधवनारायण नगरपालिकामा वजार र वजार क्षेत्रको विकास र प्रवर्द्धनका लागि रु. १ करोड विनियोजन गरेको छु । प्रादेशिक एकीकृत कृषि प्रयोगशाला स्थापनाका लागि रु.५ करोड ७३ लाख, साना किसान उत्थान तथा प्राकृतिक प्रकोप न्यूनीकरण राहतका लागि कृषि विकास कार्यक्रमका लागि रु. ५ करोड विनियोजन गरेको छु ।

७२. व्यवसायिक किसानहरुलाई सहयोग स्वरूप ग्रीन हाउस र नेट हाउस स्थापनाका लगी रु. १ करोड ६० लाख विनियोजन गरेको छु ।

७३. पर्ति सार्वजनिक जग्गा नदी किनार मठ मन्दिर, गुठी, सामुदायिक वन तथा निजी बगैंचाको जग्गालाई उत्पादनशील वनाउन कृषि योजना सहयोग कार्यक्रमको लागि रु. २ करोड विनियोजन गरेको छु ।

७४. प्रदेश सहकारी प्रवर्द्धन कोष स्थापना तथा संचालनका लागि रु. १ करोड विनियोजन गरेको छु ।

७५. कोविड-१९ को राहत कार्यक्रमको लागि रु. २ करोड वजेट विनियोजन गरेको छु ।

७६. लाइफ स्कूल सेन्टर, धनुषामा कृषि आविष्कार केन्द्र स्थापनाको लागि रु. २ करोड विनियोजन गरेको छु ।

७७. राष्ट्रिय तेलहन वाली, नवलपुर तथा राष्ट्रिय धानवाली अनुसन्धान केन्द्र, हर्दिनाथलाई उत्पादन प्रवर्द्धन सहयोग कार्यक्रमका लागि रु. १ करोड विनियोजन गरेको छु ।

७८. उन्नत नश्लका वोयर वोका खरीद तथा वितरणको लागि रु.२ करोड र सहकार्यमा आधारित कृषि पशुपंक्षी तथा मत्स्य विकास कार्यक्रमका लागि रु. १ करोड वजेट विनियोजन गरेको छु ।

७९. खाद्य सुरक्षा तथा थप आय सिर्जनाको माध्यमवाट प्रदेशभरीका किसानहरुका जीवन सुधारका लागि रु. ३ करोड ५० लाख वजेट विनियोजन गरेको छु ।

८०. फलफूल संरक्षण केन्द्र तथा उष्ण प्रदेशीय वागवानी विकास केन्द्र स्थापनाको लागि रु. ७ करोड १२ लाख र

व्यवसायिक तरकारी खेतीमा ५ करोड ४१ लाख वजेट विनियोजन गरेको छु ।

८१. खाद्य वाली तथा नगदे वाली कार्यक्रमको लागि रु. २ करोड २७ लाख वजेट विनियोजन गरेको छु ।

८२. स्थानीय तह तथा सहकारीसंगको सहकार्यमा कृषि यान्त्रिकीकरणको प्रवर्द्धनको लागि **Custom Hiring Centre** को स्थापना र सञ्चालनको लागि रु.१२ करोड वजेट विनियोजन गरेको छु ।

८३. कृषि उपजहरुको सहज पहुँचका लागि कृषि सडक निर्माण गर्न रु. ५ करोड वजेट विनियोजन गरेको छु ।

८४. पशुपंक्षी तथा मत्स्य व्यवसायको प्रवर्द्धनका लागि व्यवसायिक कृषि उत्पादन कार्यक्रम संचालन गर्न रु. ३१ करोड ७४ लाख वजेट विनियोजन गरेको छु ।

८५. प्रदेशको कृषियोग्य भूमिहरुमा फोहोरा सिंचाई, पोखरी सिंचाई, थोपा सिंचाई, डिप ट्युवेल, स्यालो ट्युवेल जस्ता सतह र भूमिगत सिंचाइको सुदृढीकरण र क्षमता अभिवृद्धि गरिनेछ ।

८६. कृषि बालीको बीमा तथा कृषि उत्पादनको ब्रान्डीङ्ग र प्याकेजिंग गरी ढुवानी एवं बजारको सहज व्यवस्थापनको लागि प्रदेश सरकारले उच्च प्राथमिकता दिनेछ ।

८७. प्रदेशको भूमिलाई कृषियोग्य जमिन, वन, वस्ती विकास, औद्योगिक र सार्वजनिक जमिनको रुपमा वर्गीकरण गरी तोकिएको प्रयोजनमा मात्र प्रयोग गर्न पाइने व्यवस्था गरिनेछ ।

## भौतिक पूर्वाधार विकास

८८. प्रत्येक निर्वाचन क्षेत्रमा कम्तिमा एक नाला सहितको २ लेन कालोपत्रे ५ किलोमीटर सडक निर्माण गरिनेछ । प्रदेशमा निर्माण हुने कम्तिमा ६४ वटा सडकका लागि रु.६७ करोड २० लाख वजेट विनियोजन गरेको छु ।

८९. प्रदेशभित्र सप्तरीदेखि पर्सासम्मको मधेशी शहिद राजमार्ग निर्माणका लागि विस्तृत परियोजना प्रतिवेदन तयार गर्न रु ३ करोड वजेट व्यवस्था गरेको छु ।

९०. प्रदेशमा खानेपानी, ढल, तथा अन्य सार्वजनिक शौचालय निर्माणको लागि रु. ३२ करोड ३५ लाख करोड वजेट विनियोजन गरेको छु ।

९१. आपतकालीन वाढी पहिरो पुनर्स्थापना कार्यक्रम र अति जोखिम स्थानहरुमा वाढी नियन्त्रण कार्यको लागि रु. ३ करोड ७५ लाख विनियोजन गरेको छु ।

९२. गढीमाई र सिमौनगढ़मा पर्यटकीय विकास कार्यक्रम संचालन गर्न १ करोड ५० लाख वजेट विनियोजन गरेको छु ।

९३. सौर्य उर्जा प्रवार्द्धनको लागि रु.१ करोड ६० लाख वजेट विनियोजन गरेको छु । त्यसैगरी वायोग्यास उत्पादनको लागि रु १ करोड ५० लाख वजेट विनियोजन गरेको छु ।

९४. प्रदेशभित्रका विद्युत लाइन मर्मत तथा सुदृढीकरण गर्न रु. ३ करोड वजेट विनियोजन गरेको छु ।

९५. ठुला र मझौला सिंचाइ आयोजना संचालनका लागि रु. ७६ करोड ७७ लाख, भूमिगत सिंचाई आयोजनाका लागि रु.५६ करोड ५५ लाख, सतह सिंचाई आयोजनाहरुको मर्मत सम्भारको लागि रु १ करोड ६० लाख र पुरानो खानेपानी आयोजनाहरुको मर्मत सम्भारको लागि रु. ९ करोड ३५ लाख वजेट विनियोजन गरेको छु ।

१६. सडक पूल निर्माणको लागि रु. २६ करोड ७५ लाख र वातावरणीय सरसफाईका लागि रु. १ करोड ९५ लाख विनियोजन गरेको छु ।

**शिक्षा, विज्ञान तथा प्रविधि र संस्कृति,**

१७. विद्यार्थीहरुलाई भौतिक दुरी कायम राखी पठन पाठन गराउनु पर्ने वर्तमानको आवश्यकतालाई ध्यानमा राख्दै विद्यालयको थप भवन निर्माण, थप कक्षाकोठा निर्माण, मर्मत सुधार, स्वयंसेवी शिक्षक भर्ना, रेडियो र टेलिभिजनवाट शिक्षण कार्य संचालन तथा अनलाइन शिक्षा विस्तार गर्नुपर्ने भएकोले यस क्षेत्रको लागि रु. १० करोड वजेट विनियोजन गरेको छु ।

१८. विद्यालयको वालवालिकाहरुको स्वास्थ्य शारीरिक, मनोवैज्ञानिक तथा संवेगात्मक विकासका लागि रु. ३ करोड २५ लाख वजेट विनियोजन गरेको छु ।

१९. उच्च शिक्षामा अध्ययनरत अति विपन्न दलित, मुस्लिम तथा जेहन्दार विद्यार्थीको छात्रवृत्तिको लागि रु. १ करोड वजेट विनियोजन गरेको छु ।

१००. प्रदेशमा विधि विज्ञान प्रयोगशालाको स्थापना, वेवसाइट र एप्सको निर्माण तथा प्रयोग वढाई  सूचना प्रविधिमैत्री सेवा प्रवाहमा जोड दिइनेछ ।

१०१. प्रदेशको भाषा, कला तथा संस्कृतिको संरक्षण, उत्थान तथा विकासको लागि एक प्रतिष्ठानको गठन गर्ने र सो अन्तर्गत एक संग्रहालय सञ्चालन सम्बन्धमा अध्ययन गराई प्राप्त प्रतिवेदनको आधारमा यस सम्बन्धी काम अघि वढाउन रु २५ लाख वजेट विनियोजन गरेको छु ।

## महिला, वालवालिका, युवा र ज्येष्ठ नागरिक

१०२. महिलाहरुको हकहितको संरक्षणको लागि आवश्यक नीति निर्माण गर्न प्रदेश सरकारलाई सुझाव दिने तथा महिला सशक्तीकरणको विविध कार्यक्रम संचालन गर्न प्रादेशिक महिला आयोगको गठनका लागि आवश्यक कानुनी र संस्थागत पूर्वाधार तयार गर्नका लागि प्राथमिकता दिइनेछ । महिला स्वरोजगारको लागि क्षमता अभिवृद्धि गर्न रु. ७५ लाख वजेट विनियोजन गरेको छु ।

१०३. छात्राहरुको आत्मरक्षा तालिमको लागि १ करोड ५० लाख वजेट विनियोजन गरेको छु ।

१०४. कुपोषण न्यूनीकरणका लागि जनचेतना अभिवृद्धि गर्न रु २ करोड वजेट व्यवस्था गरेको छु ।

१०५. वेटी पढाऊ, वेटी वचाऊ कार्यक्रमलाई निरन्तरता दिदैं यस अन्तर्गत २५ हजार छोरीहरुको शिक्षा वीमा/मुद्दती कार्यक्रमका लागि रु.३० करोड ६४ लाख ७७ हजार, अन्य कार्यक्रमहरुको लागि रु. २४ करोड ८६ लाख वजेट विनियोजन गरेको छु ।

१०६. शिशु सदन, वाल उद्यान, महिला सुरक्षा आवास गृह, खेलकुद मैदान निर्माण, जेष्ठ नागरिक पार्क उद्यान, जेष्ठ नागरिक आश्रमका लागि सम्भाव्य र उपयुक्त स्थानहरुको पहिचान गर्न एकीकृत अध्ययन गराई प्राप्त प्रतिवेदनको आधारमा कार्यक्रम निर्धारण गरिनेछ । मलंगवा रंगशालाको स्तरोन्नतिका लागि प्राथमिकता दिइनेछ ।

१०७. ज्येष्ठ नागरिक आश्रमका लागि रु.२२ करोड ८८ लाख वजेट विनियोजन गरेको छु ।

## उद्योग, पर्यटन, वन तथा वातावरण

१०८. उद्योग, पर्यटन, वन तथा वातावरणको व्यापक कार्यक्षेत्र ओगटेको यस मन्त्रालय अन्तर्गत रु. ३ अर्व २५ करोड वजेट व्यवस्था गरेको छु ।

१०९. स्थानीय तहसंगको समन्वय र सहकार्यमा उपयुक्त स्थान पहिचान गरी प्रत्येक जिल्लामा एउटा औद्योगिक क्षेत्रको स्थापना गर्न प्रोत्साहित गरिनेछ । स्थानीय तहले औध्योगिक क्षेत्रको लागि वर्गीकृत गरेको जग्गासम्म सडक, टेलिफोन, खानेपानी, ढल जस्ता भौतिक पूर्वाधारका सुविधाहरु उपलव्ध गराउन प्राथमिकता दिएको छु ।

११०. उद्योग सम्वन्धी प्रदेशस्तरीय नीति तथा कानून तर्जुमा गरी कानूनी र संस्थागत व्यवस्थालाई सुदृढ वनाइनेछ । सवै प्रकारको उद्योगहरुको अभिलेखलाई सूचना प्रविधिमा आधारित वनाई संघ, प्रदेश र स्थानीय तहसँग आवद्ध गरिनेछ । उद्योग, वाणिज्य तथा पर्यटन क्षेत्रलाई मुख्य आर्थिक क्षत्रको रुपमा अगाडि वढाउन, अध्ययन अनुसन्धान सीप विकास लगायतका कार्यक्रम सञ्चालन गर्न रु. ३४ करोड वजेट विनियोजन गरेको छु ।

१११. गजेन्द्रनारायण सिंह औध्योगिक क्षेत्रमा भौतिक पूर्वाधारका सुविधा पुर्‍याई आधुनिकीकरण गर्नुको साथै पूर्ण क्षमतामा सञ्चालन गर्ने अध्ययन कार्यका लागि रु.३० लाख वजेट विनियोजन गरेको छु ।

११२. वाणिज्य क्षेत्रसंग सम्बन्धित नीति र कानूनको तर्जुमा गर्ने कार्यलाई प्राथमिकतामा राखेको छु । प्रदेश मातहत नियमन गर्नुपर्ने व्यापारिक फर्मका अभिलेखलाई सूचना प्रविधिमा आधारित वनाईने र उपभोक्ता हित विपरितका क्रियाकलापलाई पूर्ण रुपमा नियन्त्रण गर्ने व्यवस्था मिलाइनेछ ।

११३. कृषि नै मूल पेशा भएको यस प्रदेशमा कृषिमा आधारित उद्योगहरुको स्थापनाको लागि रु. ३ करोड २० लाख वजेट व्यवस्था गरेको छु । साथै उद्योगी व्यवसायीलाई सुपथ व्याज दरमा सरल र सहज किसिमले ऋण उपलव्ध गराउन बैंक तथा वित्तीय संस्थाहरुसंग समन्वय र सहकार्य गरिनेछ ।

११४. प्रदेशभित्र पर्यटकीय गन्तव्यहरूको पहिचान र विकासका लागि प्रदेश पर्यटन गुरुयोजना (**Tourism Master Plan**) निर्माण गरी प्रादेशिक महत्वका पर्यटन पूर्वाधार विकासका कार्यक्रमहरु सञ्चालन गर्न रु.१ अर्व १३ करोड वजेट विनियोजन गरेको छु ।

११५. पर्यटन सम्वन्धी कानूनी र संस्थागत संरचना तयार गरी प्रदेशको एतिहासिक, सांस्कृतिक, धार्मिक, पुरातात्विक र

प्राकृतिक सम्पदाको पहिचान, संरक्षण, प्रवर्द्धन एवं प्रचार प्रसार गरी पर्यटन क्षेत्रको सुदृढीकरण तथा विकास गर्नुको साथै रोजगारी सिर्जना गरिनेछ ।

११६. प्रदेशका धार्मिक तीर्थस्थलहरुको संरक्षण र सुधार गरी विभिन्न संचार मध्यमवाट प्रचार प्रसार गर्ने कार्यलाई निरन्तरता दिइनेछ । साथै रामायण सर्किट र मुख्य तीर्थस्थलहरु रहेको स्थान स्पष्ट देखिने भौगोलिक सूचना सहित पर्यटकहरुलाई खाना र वसोवासको लागि गुणस्तरीय होटेलहरुको विस्तृत विवरण उल्लेखित सूची (**Inventory**) तयार गरी प्रकाशन गरिनेछ ।

११७. प्रदेशको सवैभन्दा होचो भाग धनुषा जिल्ला, मुसहर्नीया गाउँपालिकाको मुखियापट्टिमा पर्यटन प्रवर्द्धनका लागि सम्भाव्यता अध्ययन गर्न रु ५ लाख वजेट विनियोजन गरेको छु ।

११८. स्वच्छ र सफा हरित प्रदेश निर्माणको लागि स्थानीय तह, वन उपभोक्ता समूह र निजी क्षेत्र समेतको समन्वय, सहकार्य र सहभागितामा वृक्षारोपण गर्ने कार्यलाई जोड दिएको छु । उद्योगहरुवाट निस्कने प्रदुषण तथा फोहोर

मैला विसर्जन र जलवायु अनुकूलनका कार्यहरु संचालनका लागि रु १ करोड वजेट विनियोजन गरेको छु ।

११९. साझेदारी वन, सामुदायिक वन, चक्ला वन, सरकारद्वारा व्यवस्थित वन, सार्वजनिक वन, निजी वन र कृषि वनहरुको दिगो व्यवस्थापन गर्न र वनजन्य उद्यम विकास कार्यक्रम मार्फत आय आर्जनका अवसरहरु सिर्जना गर्ने कार्यका लागि रु. ४१ करोड वजेट विनियोजन गरेको छु । वन क्षेत्रहरुको व्यवस्थापनवाट काष्ठजन्य वन पैदावारको उत्पादन वढाई आयात प्रतिस्थापन गर्ने कार्यलाई विशेष जोड दिएको छु ।

१२०. प्रदेशकै गौरवको रुपमा रहेको सागरनाथ वन विकास परियोजना लगायत अन्य उत्पादनमूलक वन क्षेत्रहरुको वैज्ञानिक वन व्यवस्थापन गर्न रु. १ करोड वजेट विनियोजन गरेको छु ।

१२१. प्रदेशमा वनको संरक्षण र व्यवस्थापनका लागि निजी वनको विकास गर्न रु २ करोड र एकीकृत कृषि वन प्रणाली कार्यक्रमका लागि समेत २ करोड वजेट व्यवस्था गरेको छु । कृषि वन कार्यक्रम प्रभावकारी रुपमा लागु

गर्न ऐन नियम तर्जुमा गर्ने कार्यलाई प्राथमिकता दिएको छु ।

१२२. मधेशको भविष्यसँग जोडिएको चुरे क्षेत्रको संरक्षण र संवर्द्धनको लागि स्थानीय तहसँग समन्वय र सहकार्य गरिनेछ । चुरे क्षेत्रमा जलाशय निर्माण गरी मनोरन्जनात्मक स्थलको डिजाइन र निर्माणको लागि रु.३ करोड वजेट व्यवस्था गरेको छु । राष्ट्रपति चुरे संरक्षण कार्यक्रमलाई "चुरे जोगाऔ, मधेश वचाऔ" अभियानका रुपमा संचालन गर्न सङ्घीय सरकारसंग सहकार्य गरिनेछ । चुरे क्षेत्रका ढुंगा, गिटी, वालुवाको उत्खनन् कार्यलाई समेत व्यवस्थित गर्न रु. २१ करोड वजेट विनियोजन गरेको छु ।

१२३. प्रदेशमा जैविक विविधताको दृष्टिकोणले महत्वपूर्ण रहेको वन क्षेत्र वा अन्य भौगोलिक क्षेत्रलाई पर्यावरणीय हिसावले हटस्पट घोषणा गरी व्यवस्थापन गर्ने कार्यक्रमका लागि रु. ४ करोड र सीमसार क्षेत्र संरक्षणको लागि रु. ३ करोड वजेट व्यवस्था गरेको छु ।

१२४. प्रत्येक जिल्लामा उच्च प्रविधिको नर्सरी सहित निजी नर्सरी स्थापना गर्न रु. २ करोड ७५ लाख वजेट विनियोजन

गरेको छु । सागरनाथ वन विकास परियोजनाको दिगो र वैज्ञानिक व्यवस्थापनको साथै पर्यावरणीय व्यवस्थापनका लागि विशेष कार्यक्रम संचालन गरिनेछ ।

१२५. मुख्यमन्त्री स्वच्छता अभियान अन्तर्गत पोखरीहरूको सफाई, मर्मत सुधार लगायत सौन्दर्यीकरण गर्ने कार्यक्रमलाई आगामी वर्ष समेत निरन्तरता दिई रु. ५३ करोड ४० लाख वजेट विनियोजन गरेको छु ।

१२६. जनकपुरधामको भौतिक विकास सहित नगरको सौन्दर्यीकरणको लागि जनकपुर उपमहानगरपालिकासंग समन्वय र सहकार्य गरिनेछ । यस कार्यक्रमका लागि पर्याप्त वजेट विनियोजन गरेको छु ।

## विपद व्यवस्थापन र सुरक्षा

१२७. प्रदेशको लागि सम्भावित विपद जोखिम न्यूनीकरण, उद्दार, राहत र पुनर्स्थापनाका लागि जिल्ला विपद र स्थानीय विपद व्यवस्थापन समितिवीच आपसी सहयोग, सम्वन्ध र समन्वय विस्तार गरी आर्थिक र भौतिक रुपले श्रोत साधन सम्पन्न वनाइनेछ । यस कार्यक्रमका लागि रु. ५ करोड ८० लाख वजेट विनियोजन गरेको छु ।

१२८. प्रदेश प्रहरी गठन भएपछि आवास लगायत उपकरण र अन्य भौतिक पूर्वाधार खडा गर्न रु. ३९ करोड २५ लाख वजेट विनियोजन गरेको छु ।

१२९. प्रदेशका कारागारहरुको सुधार तथा सुधार गृहहरुको सुधारको लागि रु २ करोड वजेट विनियोजन गरेको छु ।

## सहकारी तथा वित्तीय क्षेत्र

१३०. प्रदेशका जनताको वचत गर्ने क्षमताभन्दा कर्जाको माग वढी भएकोले प्रदेश विकास बैंकको अवधारणा पत्र तयार गरी स्वीकृतिको लागि प्रदेश सरकार समक्ष पेश भईसकेकोमा आगामी आर्थिक वर्षमा प्रदेश सरकार अन्तर्गत बैंक स्थापना र संचालन गर्ने कार्यलाई तिब्रताका साथ अघि वढाईनेछ ।

१३१. प्रदेशको गरीवी निवारणका लागि समुदायस्तरवाट गरिने पूँजी परिचालनको स्थितिलाई सुधार गर्न स्थानीय तहमा रहेका सहकारीहरुको क्षमता वृद्धिका लागि सहकारी डिभिजन कार्यालयहरु मार्फत प्राविधिक जनशक्तिको परिचालन गरिनेछ ।

१३२. प्रदेश सहकारी रजिष्ट्रार कार्यालय, प्रदेश सहकारी प्रवर्द्धन कोष र प्रदेश सहकारी तालिम केन्द्र स्थापनाका लागि

आवश्यक कानूनी र संरचनात्मक व्यवस्थाका लागि अध्ययन गराइनेछ ।

## कानून तथा न्याय क्षेत्रको सुदृढीकरण र सेवा प्रवाह

१३३. प्रदेशका असहाय र निम्न वर्गका लागि नि:शुल्क कानूनी सहायताको व्यवस्था गर्न मुख्य न्यायाधिवक्ताको कार्यालय मातहत रहने गरी प्रत्येक जिल्लामा कानून स्नातक जनशक्ति सहित सहायता कक्षको व्यवस्था गरिनेछ ।

१३४. प्रदेश सरकार मातहत कार्यरत कानून समूहको जनशक्तिको क्षमता विकासको लागि प्रदेश तथा स्थानीय सरकार सहयोग कार्यक्रम मार्फत पुनर्ताजगी तालिमको संचालन गरिनेछ ।

१३५. प्रदेश सरकारले तर्जुमा गरेका ऐन कानूनहरुको कार्यान्वयनको प्रभावकारिता अध्ययन गरी समसामयिक पुनरावलोकन तथा सिफारिस गर्न कानून अध्ययन तथा सिफारिस समिति गठन गरिनेछ ।

१३६. प्रदेशभित्रका अदालत तथा सरकारी वकिल कार्यालयहरुको संस्थागत र भौतिक सुधारको लागि रु ५५ लाख वजेट विनियोजन गरेको छु ।

## राष्ट्रसेवक कर्मचारी, सुशासन र सार्वजनिक सेवा प्रवाह

१३७. प्रदेश सरकारले सम्वन्धित सरोकारवाला तथा सेवाग्राहीहरु समेतको मूल्यांकनमा प्रदेशको शान्ति सुरक्षा, विकास निर्माण र सेवा प्रवाहमा उत्कृष्ठ कार्य गरेको भनी सिफारिस भएका कर्मचारीहरुको कार्य सम्पादनको आधारमा पुरस्कृत गर्ने र व्यक्तिगत तथा पदीय आचरण खराव र बदनियतपूर्ण भएमा सेवा सम्वन्धी प्रचलित कानुन वमोजिम कडाईका साथ विभागीय कारवाही गरिनेछ ।

१३८. प्रदेश सरकारको विनियोजनवाट पारिश्रमिक प्राप्त गर्ने सवै राष्ट्रसेवक कर्मचारीहरुको मनोवल उच्च राखी कार्यमा उत्प्रेरणा वढाउन तथा आन्तरिक पर्यटनलाई प्रवर्द्दन गर्न प्रदेशमा विगत एक वर्षदेखि अवछिन्न सेवा पूरा गरेको कर्मचारीलाई सम्वन्धित कर्मचारी कार्यरत रहेको पदको शुरु तलव स्केल वरावरको रकम थप सुविधाको रुपमा उपलव्ध गराई आन्तरिक पर्यटनमा पठाउन सक्ने व्यवस्था मिलाएको छु । यस सम्वन्धी गत आर्थिक वर्षको निर्देशिकालाई आगामी आर्थिक वर्षमा समेत कार्यान्वयनमा ल्याइनेछ ।

१३९. प्रदेशको संचित कोषवाट व्ययभार हुने गरी प्रदेश सरकार अन्तर्गतका मन्त्रालय, निकायहरु वा अन्य कुनै आयोग, वोर्ड, प्रतिष्ठान, समिति, संस्था र परिषद्हरुमा पदाधिकारीहरु नियुक्ति गर्नु परेमा खुल्ला र पारदर्शी रुपमा सवै योग्य उमेद्वारहरुले समान रुपमा प्रतिस्पर्धामा भाग लिन पाउने गरी सार्वजनिक विज्ञापन गरिने व्यवस्था सहितको मापदण्ड तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ।

१४०. सार्वजनिक सेवा प्रवाह तथा विकास निर्माणका आयोजनामा देखिएका जनगुनासो, जनअपेक्षा एवं आवश्यकता सुनुवाई गर्न रेडियो तथा टेलिभिजन मार्फत जनताके साथ मुख्यमन्त्री कार्यक्रम संचालनका लागि आवश्यक रकम व्यवस्था गरेको छु ।

१४१. सार्वजनिक प्रशासनलाई सूचना प्रविधिमा आधारित तुल्याउदै सुदृढ गरिनेछ । सार्वजनिक सेवा प्रवाहलाई जनमुखी, जवाफदेही, नतिजामुखी र पारदर्शी वनाई भ्रष्टाचार विरुद्द शून्य सहनशीलता अपनाइनेछ । प्रदेश जनलोकपाल सम्वन्धी ऐनको कार्यान्वयन गरिनेछ । आवश्यक संगठन संरचना र जनशक्ति व्यवस्थापन गरिनेछ ।

## सार्वजनिक खर्चमा मितव्ययिता

१४२. सङ्घीय सरकारले आगामी आर्थिक वर्षमा प्रशासनिक तथा चालु खर्चमा व्यापक कटौती गर्ने गरी कार्यान्वयनमा ल्याउने मितव्ययिता सम्वन्धी निर्देशिकालाई यस प्रदेशमा समेत कार्यान्वयनमा ल्याइनेछ ।

१४३. आगामी आर्थिक वर्षमा प्रदेशलाई प्राप्त हुने आन्तरिक राजश्व रकम, राजश्व बाँडफाँडवाट प्राप्त हुने रकम र सङ्घीय सरकारवाट प्राप्त हुने अनुदान रकममा समेत व्यापक रुपमा कमी र कटौती भएकोले प्रशासनिक र चालु खर्चमा समेत नियन्त्रण गरी उल्लेखनीय रुपमा वजेट कटौती गरेको छु । यसवाट अन्य प्राथमिकता प्राप्त क्षेत्रमा वजेट परिचालन गर्न केही हदसम्म मद्दत पुग्ने अपेक्षा गरेको छु ।

## योजना तथा सार्वजनिक वित्त व्यवस्थापन र वजेट कार्यान्वयन

१४४. प्रदेशको सम्पूर्ण गौरवशाली योजनाहरु समेटिने गरी प्रदेश आयोजना बैंकको तर्जुमा गरिनेछ र प्रदेश सरकारले ती आयोजनाहरुलाई वहुवर्षीय योजनाको रुपमा कार्यान्वयन गर्दै लगिनेछ । प्रदेश लगानी वोर्ड

स्थापना गरी त्यस्ता आयोजनाहरुमा लगानीको सुनिश्चितता गराइनेछ ।

१४५. तोकिएकै समय, लागत र गुणस्तरमा आयोजना कार्यक्रम सम्पन्न गर्न आवश्यक नीतिगत र व्यवस्थापकीय प्रवन्ध मिलाइनेछ । आयोजना/कार्यक्रम कार्यान्वयन इकाई एवं जनशक्तिको प्राविधिक र व्यवस्थापकीय क्षमता अभिवृद्धि गरी जवाफदेही तुल्याइनेछ ।

१४६. विकास आयोजना र कार्यक्रम व्यवस्थापनमा प्रचलित मूल्य मान्यताको अवलम्वन गरी वित्तीय सुशासन प्रवर्द्धन गरिनेछ । वजेट तथा कार्यक्रम तर्जुमाकै चरणमा आयोजना/कार्यक्रमलाई प्रादेशिक मन्त्रालयगत वजेट सूचना प्रणालीमा (**PLMBIS**) अनिवार्य प्रविष्टि गरी कार्यान्वयन गरिनेछ ।

१४७. विपद् जोखिम न्यूनीकरणका आयोजना/कार्यक्रमको वाहेक माघ मसान्तभित्र ठेक्का लगाइसक्नु पर्नेछ । चैत्र मसान्तपछि कुनैपनि किसिमवाट ठेक्का सम्झौता गरिनेछैन । सो पश्चात् गर्नुपर्ने भएमा मन्त्रिपरिषद्को स्वीकृतिमा मात्र गर्नुपर्नेछ । अन्य सालवसाली

आयोजना/ कार्यक्रम तोकिएको समयभन्दा पछि कुनैपनि किसिमको ठेक्का सम्झौता गरिने छैन ।

१४८. मन्त्रालयहरुलाई नीति तर्जुमा, मार्ग निर्देशन, कार्यान्वयन, समन्वय एवं सहजीकरण, अनुगमन मूल्याङ्कन जस्ता कार्यमा केन्द्रित गरिनेछ । मातहत निकायको कार्यान्वयन क्षमता सुदृढ तुल्याईनुको साथै थप जिम्मेवार वनाइनेछ ।

१४९. विकास आयोजनाको कार्यान्वयनमा देखिएका समस्यालाई तत्काल समाधान गर्न मन्त्रालयस्तरीय समस्या समाधान समिति (**MDAC**) र प्रदेशस्तरीय समस्या समाधान समिति (**PDAC**) लाई क्रियाशील वनाइनेछ ।

१५०. आर्थिक वर्ष २०७७/७८ को आर्थिक विधेयक, २०७७ तथा विनियोजन विधेयक, २०७७ र वजेटको अभिन्न अंगको रुपमा रहने मध्यमकालीन खर्च संरचना यसैसाथ प्रस्तुत गरेको छु ।

१५१. वैदेशिक विकास साझेदारहरुवाट प्रदेश सरकारका मन्त्रालय तथा निकायहरु मार्फत संचालन गरिने कार्यक्रमहरुको वजेट सहितको कार्ययोजना पुस्तिका समेत यसैसाथ पेश गरेको छु ।

१५२. आगामी आर्थिक वर्षको उद्देश्य, नीति तथा कार्यक्रमहरु कार्यान्वयन गर्न रु. ३३ अर्व ५६ करोड ९ लाख ८९ हजार वजेट विनियोजन गरेको छु । कूल विनियोजन मध्ये चालु तर्फ रु.१५ अर्व ४२ करोड २६ लाख ९८ हजार अर्थात् ४५.९५ प्रतिशत र पुँजीगत तर्फ रु. १७ अर्व ९७ करोड ८२ लाख ९१ हजार अर्थात् ५३.६७ प्रतिशत र वित्तीय व्यवस्था तर्फ रु. १६ करोड अर्थात् ०.४८ प्रतिशत रहेको छ ।

१५३. आगामी आर्थिक वर्षका लागि अनुमान गरिएको खर्च व्यहोर्ने श्रोत मध्ये आन्तरिक श्रोतको राजश्ववाट रु १२ अर्व २४ करोड २८ लाख ६० हजार, नेपाल सरकारवाट प्राप्त हुने विभिन्न अनुदानवाट १३ अर्व ४० करोड ५९ लाख तथा चालु आर्थिक वर्षको विनियोजनवाट वचत हुने नगद मौज्दात रु. ६ अर्व ९१ करोड २२ लाख २९ हजार गरी जम्मा रु. ३३ अर्व ५६ करोड ९ लाख ८९ हजार व्यहोर्दा रु. १ अर्व न्यून हुने देखिन्छ । सो न्यून पूर्ति गर्न आगामी आर्थिक वर्षमा आन्तरिक ऋण परिचालन गरिनेछ ।

१५४. निर्वाचन क्षेत्र विकास कार्यक्रमका लागि आगामी आर्थिक वर्षमा रु. २ अर्व ३५ करोड विनियोजन गरेको छु ।

१५५. प्रदेशभित्रका स्थानीय तहरुलाई आगामी आर्थिक वर्षमा सशर्त अनुदान, विशेष अनुदान र समपूरक अनुदान बापत रु.2 अर्व 83 करोड 60 लाख विनियोजन गरेको छु ।

१५६. नेपालको संविधानमा प्रदेशको एकल र साझा अधिकारको सुची अन्तर्गत उल्लेख भएका राजश्व परिचालनको अधिकार कार्यान्वयनका लागि तर्जुमा गरिएका कानूनहरुमा आवश्यक परिमार्जन गरी लागू गर्न आर्थिक ऐन समेत यसैसाथ प्रस्ताव गरेको छु ।

१५७. प्रदेशभित्र रहेका मालपोत कार्यालय तथा यातायात व्यवस्था कार्यालयहरुको संस्थागत सुदृढिकरण गरी प्रदेशको आन्तरिक आयमा बृद्धि गर्न आवश्यक कानूनी तथा संस्थागत ब्यवस्था गरिनेछ ।

**माननीय सभामुख महोदय,**

१५८. आर्थिक वर्ष २०७५/७६ को यथार्थ खर्च, आर्थिक वर्ष २०७६/७७ को संशोधित अनुमान र आर्थिक वर्ष

२०७७/७८ को अनुमानित आय व्ययको विवरण अनुसूचीमा उल्लेख गरेको छु ।

१५९. प्रदेशमा उपलव्ध सम्पूर्ण श्रोत साधनको उच्चतम परिचालन गर्दै कार्यान्वयन गरिने यस वजेटले प्रदेशका नागरिकको स्वास्थ्य सुरक्षा र प्रवर्द्धन सहित जीवनस्तरमा सुधार आउने, सार्वजनिक सेवाको गुणस्तरीय सुधारले सुशासन र दिगो आर्थिक विकासमा सहयोग पुग्ने अपेक्षा गरेको छु ।

१६०. अन्त्यमा, यो वजेट तर्जुमा गर्ने क्रममा हामीलाई मार्गदर्शन गर्नुहुने माननीय प्रदेश प्रमुख, माननीय मुख्यमन्त्री, माननीय सभामुख र माननीय मन्त्रीहरु प्रति हार्दिक आभार प्रकट गर्दछु । यस महामारीको समयमा प्रदेशको समग्र आर्थिक उन्नतिका लागि प्रदेशसभाको आर्थिक तथा योजना समितिले जूम गोष्ठी समेत आयोजना गरी प्रदेश सरकारलाई अति नै सान्दर्भिक विषयहरुमा ध्यानाकर्षण गराउनु भएको छ । यसको साथै वजेटको उद्देश्य, सिद्दान्त र प्राथमिकतामा छलफल गरी प्रदेश सभाका माननीय सदस्यहरुले दिनु भएको सुझावहरु प्रति समेत आभारी छु । साथै प्रदेशको

सम्वृद्धिका लागि तर्जुमा हुँदै गरेको वजेट कार्यक्रममा विभिन्न राजनैतिक दलका शीर्ष नेता, स्थानीय तहका जनप्रतिनिधि, अर्थविद, विभिन्न पेशा व्यवसायका संगठित संस्थाहरु, वैदेशिक विकास साझेदारहरु, नागरिक समाज, संचारकर्मी, राष्ट्रसेवक कर्मचारी, करदाता तथा देशभित्र र वाहिर रहनु भएका सम्पूर्ण नेपाली दिदीवहिनी दाजुभाईहरुले प्रत्यक्ष र अप्रत्यक्ष रुपमा पुऱ्याउनु भएको सहयोग र सदभावनाको लागि धन्यवाद ज्ञापन गर्दै सदा झैं वजेट कार्यान्वयनमा सवै पक्षको सहयोग पाउने पूर्ण विश्वास गरेको छु ।

**धन्यवाद !**

**जय मधेश !**